नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौं

फोन नं. ०१५९७१८८०
बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८३/०५/१३
नेपाल संवत ११४६

## राहत सामग्री संकलन र वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना

रसुवा, नुवाकोट, धादिङ समेतको नदी किनारका क्षेत्रहरुलाई तहस नहस पार्ने गरी मिति २०८३/०५/१० गते आएको बाढीबाट पीडीत एवम् प्रभावितहरुलाई आवश्यक राहतको सम्बन्धमा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट मिति २०८३।०५।१२ गतेको सूचनामा उल्लेख भए बमोजिमका राहत सामग्रीहरु मात्र सम्बन्धित स्थानमा पुऱ्याउने गरी काठमाडौं जिल्ला, रानीबारीस्थित नेपाल प्रहरीको विपद उद्दार एवं प्रतिकार्य तालिम केन्द्र, सामाखुशीमा सानो क्षमताका गाडी (जस्तै मिनि भ्यान, पिक-अप गाडी वा अन्य प्रकारका साना सवारी साधन) मा ढुवानी भई ल्याइएका सामग्री मात्र बुझाउने व्यवस्था रहेको छ। यसरी बुझाइएका राहत सामग्रीहरुको विवरण/सूची र परिमाण अनिवार्य रुपमा सम्बन्धित राहत संकलन गर्ने व्यक्ति वा संस्थाले खुलाउनु पर्नेछ।

ठूला प्रकृतिका सवारी साधनहरु जस्तै ट्रक, मिनि ट्रकहरु मार्फत संकलन भएको राहत सामग्रीहरु जिल्ला प्रशासन कार्यालय रसुवा र नुवाकोट सोझै लैजान चाहने संस्था वा व्यक्तिहरुले उक्त राहत सामग्रीको सूची सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा नेपाल प्रहरीको विपद उद्दार एवं प्रतिकार्य तालिम केन्द्र सामाखुशीसँग समन्वय गरी तोकिएका राहत सामग्री संकलन र वितरण केन्द्रहरुमा सम्बन्धित जिल्लाहरुसँग सम्पर्क गरी सोझै लिई जान पनि सकिनेछ। तोकिए बमोजिम गर्नु गराउनुहुन विशेष सूचना जारी गरिएको छ।

२०८३/०५/१३
..............................
(खिमराज भुसाल)
स.प्र.जि.अ. एवम् सूचना अधिकारी